नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग,

# टेकु, काठमाण्डौं

## बिद्युतीय बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/११

यस विभागबाट चालु आ.व. २०८३/८४ को लागि **Panchakarma Equipment** खरिद गर्न बिद्युतीय बोलपत्रको माध्यमबाट (**Single – Stage: Two Envelope**) खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोल पत्र नं. | विवरण | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|
| १. | DOAA/G/NCB-2A/2083/084 | Panchakarma Equipment खरिद सम्बन्धी | १,३५,०००/- |

१. यस विभागबाट चालु आ.व. २०८३/८४ को लागि **Panchakarma Equipment** खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीवाट बिद्युतीय बोलपत्र आह्वान गरिएको छ।

२. बोलपत्र बिद्युतीय माध्यम (e-GP) बाट मात्र खरिद तथा दर्ता गराउनु पर्नेछ। बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु Scan गरी पेश गर्नुपर्नेछ ।

क) व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र ख) आयकर दर्ता प्रमाणपत्र ग) मुल्य अभिवृद्धि कर प्रमाणपत्र घ) आ.व. २०८२/०८३ को लागि नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र

ङ) कम्तिमा १२० दिन म्याद भएको माथि उल्लेखित रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (विड वन्ड) वा बोलपत्र जमानत वापत नगदै राख्न चाहने बोलपत्रदाताहरुले आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, टेकु, काठमाण्डौंको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौंको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १०००१००२०००१०००० (विभागको कोड नं.३७००३३५०१) मा जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी पेश गर्नुपर्ने छ।

३. दाखिला भएका बोलपत्रहरु तोकीएको मिति र समयमा यस विभागमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ ।

४. बोलपत्रदाताले प्रदान गर्नुपर्ने सेवा सम्बन्धी योग्यता, अन्य शर्तहरु कार्यालयबाट स्वीकृत बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

५. बोलपत्रदाताले आफुले कबोल गरेको रकम प्रतिशत अंक र अक्षरमा अनिवार्य स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

६. बोलपत्र फाराम मिति २०८३-०६-०१ गते दिनको १२:०० बजे भित्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा अपलोड गर्नुपर्नेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सोही समयभित्र दाखिला गर्न सकिनेछ।

७. रितपुर्वक प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८३-०६-०१ गते दिनको १२:३० बजे यस विभागको प्रशासन शाखामा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने। बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

८. बोलपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ।

नोटः

यो सूचना तथा यस सूचना सम्बन्धि अन्य जानकारी यस विभागको **Website:** www.doaa.gov.np तथा www.bolpatra.gov.np.egp बाट पनि प्राप्त गर्न सकिने छ। साथै कार्यालय समय भित्र यस केन्द्रको फोन नं. ०१-५३५२५२५ मा सम्पर्क गरी विस्तृत रुपमा बुझ्न र लिन सकिने छ।

...................

महानिर्देशक